# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, बैशाख ९ गते २०६५ साल (संख्या २

## भाग ५

नेपाल सरकार

स्थानीय विकास मन्त्रालयको

सूचना

नेपाल सरकारले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २३५ ले दिएको अधिकार प्रयोग गरी सो नियमावलीको अनुसूची ८१ को सट्टा देहायको अनुसूची ८१ राखी हेरफेर गरेको छ ।

अनुसूची ८१

(नियम १८६, १८८ र १८९संग सम्बन्धित)

**स्थानीय निकायका पदाधीकारी तथा सदस्यहरु र कर्मचारीहरुले जिल्ला बाहिर भ्रमण गर्दा दैनिक भत्ता एवं होटल बास खर्च बापत पाउने अधिकतम दर**

**१. पदाधिकारी सम्बन्धी :**

| (क) | दैनिक भत्ता | अधिकतम दर |
|---|---|---|
| | जिल्ला विकास समितिका सभापति/उपसभापति | रु.५००।- |
| | जिल्ला विकास समिति सदस्य | रु.४५०।- |
| | नगरपालिका प्रमुख/उपप्रमुख महानगरपालिका | रु.५००।- |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | उप महानगरपालिका | रु. ४५०।- |
| | नगरपालिका | रु. ४२५।- |
| | नगरपालिका सदस्य : | |
| | महानगरपालिका | रु. ४५०।- |
| | उप महानगरपालिका | रु. ४२५।- |
| | नगरपालिका | रु. ४००।- |
| | गाउँ विकास समितिको अध्यक्ष/उपाध्यक्ष | रु. ४००।- |
| | गाउँ विकास समितिको सदस्य | रु. ३५०।- |
| | स्थानीय निकायका परिषद्का अन्य सदस्य | रु. ३५०।- |
| (ख) | **भ्रमण खर्च** | |
| | भाडा : हवाईजहाज, रेल, बस आदि सवारी साधन | - बिल अनुसार |

२. **कर्मचारी सम्बन्धी** :

(क) स्थानीय निकायका कर्मचारीहरुले पाउने दैनिक भत्ताको दर

| क्र.सं. | तह | पाउने रकम |
|---|---|---|
| १. | प्रथम तहका कर्मचारी | रु. ४५०।- |
| २. | द्वितीय तहका कर्मचारी | रु. ४००।- |
| ३. | **तृतीय तहका कर्मचारी**<br>क. सहायक स्तर तेस्रो तह, चौथो तह र पाचौं तहका कर्मचारीहरु<br>ख. सहायक स्तर पहिलो तह, दोस्रो तह र श्रेणी विहिन कर्मचारीहरु | रु. ३५०।-<br>रु. ३००।- |

(ख) भ्रमण खर्च : हवाई जहाज, रेल, बस आदि सवारी साधनको बिल अनुसारको रकम ।

(ग) जिल्ला बाहिर भ्रमण गर्दा पदाधिकारी र कर्मचारीहरुलाई होटल बास खर्च वापत, पदाधिकारी र कर्मचारीहरुलाई माथि सि.नं. १ र २ मा उल्लेखित दैनिक भत्ताको दरमा नबढ्ने गरी बढीमा सात दिन सम्मको वास खर्च वापतको रकम भुक्तानी दिन सकिने छ । आठौं दिनदेखि एक्काइसौं दिन सम्म दैनिक भत्ताको रकम पचास प्रतिशत र होटल बास खर्चको रकम पच्चीस प्रतिशत मात्र पाउनेछ ।

(घ) जिल्ला भित्र ५ कोश भन्दा वाहिर रात विताउने गरी भ्रमण गर्दा पदाधिकारी र कर्मचारीहरुले सि.नं. १ र २ मा तोकिएको दैनिक भत्ताको दरको ३/४ नबढ्ने गरी परिषदले स्वीकृत गरेको दरमा दैनिक भत्ता तथा तोकिएको दरको आधा रकममा नबढ्ने गरि वढीमा सात दिन सम्मका लागि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

होटल बास खर्च बापत पाउने छन् तर स्थानीय निकायका पदाधिकारीले आफ्नो वसोवास भएको क्षेत्रको भ्रमण गर्दा भने दैनिक भत्ता र वास खर्च पाउने छैनन् ।

(ङ) जिल्ला वाहिर भ्रमण गर्ने पदाधिकारी र कर्मचारी भ्रमणवाट फर्केको दिन सि.नं. १ र २ का पदाधिकारी र कर्मचारीलाई तोकिएको दैनिक भत्ताको आधा रकम भुक्तानी पाउनेछन् ।

(च) सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, वैठक भत्ता, तालीम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता पाउने छैन तर प्रचलीत कानून बमोजिम अन्य छुट्टै भत्ता पाउने व्यवस्था भएकोमा यस नियम वमोजिमको भत्ता पाउने छैन ।

(छ) सरकारी कामको सिलसिलामा भ्रमण गर्दा खण्ड (ग) वमोजिमको वास खर्च अन्तर्गत कर प्रयोजनको लागि दर्ता भएको होटेलको विल पेश गर्नु पर्नेछ तर निम्न जिल्लाहरुमा यस्तो विल प्राप्त हुन नसक्ने अवस्था भएमा पेश गरिएको होटेल विल भन्दा वढी नहुने गरी यस नियम वमोजिम पाउने होटेल बास खर्चको पचास प्रतिशत रकम मात्र दिईनेछ ।

**जिल्लाको नाम**

| | | | |
|---|---|---|---|
| १. दार्चुला | २. वभ्fाङ | ३. बाजुरा | ४. अछाम |
| ५. जाजरकोट | ६. रुकुम | ७. रोल्पा | ८. हुम्ला |
| ९. मुगु | १०. जुम्ला | ११. कालिकोट | १२. डोल्पा |
| १३. मुस्ताङ | १४. मनाङ | १५. गोरखा (जगात उत्तर) | १६. धादिङ (नुम उत्तर) |
| १७. भोजपुर | १८. खोटाङ | १९. ओखलढुङ्गा | २०. सोलुखुम्वु |

**द्रष्टव्य :**

(१) कार्यालयको मोटर प्रयोग गरेकोमा हुने इन्धन खर्च इन्धन बजेटबाट ब्यहोर्नु पर्नेछ ।

(२) जिल्ला भित्रको हकमा भ्रमण वा अनुगमन प्रतिवेदन अनिवार्य रुपमा लिएर मात्र दैनिक भत्ता दिनु पर्नेछ ।

(३) सभापति, प्रमुख र अध्यक्ष तथा सदस्यले के के उद्देश्य र नतिजाको लागि भ्रमणमा गएको हो सो को विवरण ३/३ महिनामा समीक्षाका लागि सम्बन्धीत बोर्डमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(४) सरकारी खर्चमा सात दिन भन्दा वढी विदेश भ्रमण गर्दा आठौं दिन देखि यस अनुसूचीको सि.नं. ३ बमोजिम पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम मात्र पाउनेछ ।

(५) सरकारी खर्चमा विदेश भ्रमण गर्दा बाटाको हवाई यात्रामा रात विताएको अवधिभर यस अनुसूचीको सि.नं. ३ बमोजिम पाउने दैनिक भत्ताको पचास प्रतिशत रकम मात्र पाउने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**३. विदेश भ्रमण गर्दा पाउने दैनिक भत्ता दर :**

| सि.नं. | पदाधिकारी र कर्मचारीको तह | रकम (अमेरिकी डलर) |
|---|---|---|
| १ | जिल्ला विकास समितिका सभापति/उपसभापति महानगरपालिका प्रमूख | १५०.०० |
| २ | जिल्ला विकास समितिका सदस्य, उप महानगरपालिका र नगरपालिका प्रमूख/उपप्रमूख, गाउँ विकास समितिका अध्यक्ष/उपाध्यक्ष लगायत स्थानीय निकायका अन्य पदाधीकारीहरु | १२५.०० |
| ३ | प्रथम तहका कर्मचारी | १२५.०० |
| ४ | द्वितीय तहका कर्मचारी | १००.०० |
| ५ | **तृतीय तहका कर्मचारी**<br>क. सहायक स्तर तेस्रो तह, चौथो तह र पाचौं तहका कर्मचारीहरु<br>ख. सहायक स्तर पहिलो तह, दोस्रो तह र श्रेणी विहिन कर्मचारीहरु | <br><br>९०.००<br><br>८०.०० |

**द्रष्टव्य :**

भारतको चेन्नाई, हैदरावाद, बैंगलोर, मुम्वई, दिल्ली, कोलकाता र वङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लिखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ ।

आज्ञाले,
गंगा दत्त अवस्थी
नेपाल सरकारको नि. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।